अभियानको अवधिमा २५ हजार लिटर महीखपत भएको छ। एक लाख ७५ हजार जनाले सो मही सेवन गरे।

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, भदौ २२ गते*

नेपाली डेरी एसोसिएसनले सुरु गरेको मही खुवाउने अभियानले एक वर्ष पूरा गरेको छ। गत साउनबाट सुरु भएको यो अभियान प्रत्येक हप्ताको शनिबार सञ्चालन हुन्छ।

नेपाल डेरी एसोसिएसन र रैथाने एग्री प्रडक्ट्स नेपाल प्रालिबिच सम्झौता भएर काठमाडौँको दरबारमार्गमा आयोजना हुने रैथाने कृषि उपज बिक्रीवितरण हुने हाटबजारमा प्रत्येक शनिवार एसोसिएसनले निःशुल्क मही खुवाउने गरेको छ। एसोसिएसनका अध्यक्ष प्रह्लाद दाहालले त्यही बजारमा प्रत्यक्ष ठेकीमा मही बनाएर त्यहाँ आउने ग्राहक तथा अवलोकनकर्तालाई निःशुल्क खुवाउँदै आएको बताउनुभयो।

यसरी मही अभियान सञ्चालन गरेको एक वर्ष पूरा भएको छ। सो अवधिमा २५ हजार लिटर मही खपत भएको छ। एक लाख ७५ हजार जनाले सो मही सेवन गरेको अध्यक्ष दाहालले जानकारी दिनुभयो। यो अभियान सञ्चालन गरेपछि देशमा महीको ब्रान्डिङ हुन थालेको बताउँदै उहाँले विवाह, व्रतबन्धका भोजभतेरमा पनि महीको उपयोग बढेको बताउनुभयो।

अहिले दैनिक देशैभरि दुई लाख ५० हजार लिटर मही खपत हुने गरेको अध्यक्ष दाहालले बताउनुभयो। यो अभियान सञ्चालन गरेपछि दुध तथा दहीको बिक्री पनि बढेको उहाँले जानकारी दिनुभयो। यो अभियानमा पूर्वराष्ट्रपति डा. रामवरण यादवदेखि पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराई, कृषि तथा पशुपन्छीमन्त्री रामनाथ अधिकारीलगायत विभिन्न मन्त्री, प्रदेशका मन्त्री र सांसदहरू सहभागी भइसक्नुभएको छ।

विभिन्न विद्यालयले पनि त्यसमा सहभागिता जनाइसकेका छन्। त्यो मही खुवाउने मात्र होइन, बालबालिकालाई मही कसरी बनाउने पनि सिकाउने गरिएको अध्यक्ष दाहालले बताउनुभयो। शनिवार दरबारमार्गको रैथाने हाटबजारमा पुगेका पूर्वप्रधानमन्त्री भट्टराईले यो अभियानले व्यापारी तथा किसानलाई मात्र होइन, उपभोक्तालाई समेत प्रत्यक्ष फाइदा पुगेको बताउनुभयो। चिसो पेय पदार्थभन्दा मही स्वास्थ्यका लागि निकै लाभदायक रहेकाले यो अभियान देशैभर सञ्चालन हुनुपर्ने उहाँले बताउनुभयो।

नेपाल समाजवादी पार्टीका अध्यक्षसमेत रहेका पूर्वप्रधानमन्त्री भट्टराईले रैथान संरक्षण लाग्न सबैलाई आग्रह गर्नुभयो। "रैथाने संरक्षण आवश्यक छ, यसमा सबै लाग्नु पर्छ र मेरातर्फबाट पनि साथ रहन्छ," उहाँले भन्नुभयो, "यो अभियान जसले सञ्चालन गर्नुभयो, उहाँ धन्यवादको पात्र हुनुहुन्छ।"



कृषि तथा पशुपन्छीमन्त्री रामनाथ अधिकारी ठेकीमा मोही पार्दै।

(गोरखापत्र दैनिक)

Government of Nepal
Ministry of Industry, Commerce and Supplies

## Nepal Intermodal Transport Development Board

### Invitation for E-Bids

**(First Date of Publication: 2081-05-23)**

1. Nepal Intermodal Transport Development Board (NITDB) invites electronic bids from eligible bidders for the following work:

| S. N. | Name of the Project | Estimated Amount (NRs.) | Cost of bidding Document (NRs.) | Bid Security (NRs.) | Last Date of Submission of Bid | Bid Opening Date |
|---|---|---|---|---|---|---|
| i. | Boundary Wall Extension Work, Wooden Barrier Installation and Construction of Toilet in Birgunj ICP(NITDB/NCB/C-54 (2081/082) | 1,99,95,924.87 (With VAT and Provisional Sum) | 3,000.00 | 5,00,000.00 | 2081/06/22 B.S. Time 12:00 Hrs | 2081/06/22 B.S. Time 13:00 Hrs |

2. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Agricultural Development Bank Ltd., Maitidevi, Kathmandu.
   Name of the Office: Nepal Intermodal Transport Development Board.
   Account no: 0211300144668014
3. For more information please visit PPMO e-GP system www.bolpatra.gov.np/egp or contact NITDB office, Chobhar, Kirtipur-6, Kathmandu Nepal, Phone no: - 01-4332896, website: www.nitdb.gov.np.